शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार।

**पुस्तकालय अधिकृत श्री तुलसी भट्टराई(क.स.नं.१९२१५२ ) लाई भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य नठहरिने गरी सेवा बाट हटाईएको सूचना**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पुस्तकालय अधिकृत पदमा कार्यरत श्री तुलसी भट्टराई (कर्मचारी संङ्केत नं. १९२१५२) ले बिदा स्वीकृत नगराई लगातार नब्बे (९०) दिन भन्दा बढी अनुपस्थित रहेको देखिन आएकोले निज श्री तुलसी भट्टराई सँग निजामती सेवा ऐन,२०४९ को दफा ६६ को उपदफा (१) बमोजिम ३५ (पैतिस) दिनको म्याद दिई सफाई माग गरिएकोमा निजले पेश गरेको सफाईको व्यहोरा सन्तोषजनक देखिएन। तसर्थ ऐनको दफा ६१ उपदफा १ को खण्ड (छ) बमोजिमको कसूरमा ऐनको दफा ५९ को खण्ड (ख) (१) बमोजिमको सजायँ निजलाई किन नगर्ने? सो गर्नु नपर्ने कुनै सबुत प्रमाण वा कारण केही भए ३५ (पैतिस) दिन भित्र स्पष्टीकरण पेश गर्नु भनी ऐनको दफा ६७ बमोजिमको स्पष्टीकरण माग गरिएकोमा निजले अनुपस्थित हुनाको मनासिब कारण नखुलाई स्पष्टीकरण पेश गरेको देखियो। यस सम्बन्धमा संकलन भएका कागजात, बुझिएका सबुत प्रमाण र पेश भएको स्पष्टीकरण उपर समेत विचार गर्दा बिदा स्वीकृत नगराई लगातार नब्बे (९०) दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेको सबुत प्रमाणबाट निज ले ऐनको दफा ६१ को उपदफा १ को खण्ड (छ) बमोजिमको कसूर गरेको देखिएकोले निज उपर ऐनको दफा ५९ को खण्ड (ख) (१) को सजायँ प्रस्तावित गरी सो सजायँ गर्नको निमित्त लोक सेवा आयोगको केन्द्रीय कार्यालय कमलपोखरी बाट परामर्श प्राप्त भए अनुरुप निज श्री तुलसी भट्टराई लाई ऐनको दफा ५९ को खण्ड (ख) (१) बमोजिम भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य नठहरिने गरी मिति २०८३।१।१४ देखि लागु हुने गरी सेवाबाट हटाउन सजाय दिने निर्णय भएकोले जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त निर्णयमा चित्त नबुझेमा नियम ११४ को खण्ड (घ) को म्यादभित्र पुनरावेदन सुन्ने अधिकारी समक्ष पुनरावेदन दिन सकिनेछ।

शाखा अधिकृत